राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १९५ | २०८२ चैत १६ गते सोमवार | (Monday, 30 March, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

# अतिक्रमण गरी बनाइएका संरचनामा चल्यो डोजर

द पब्लिक टुडे समाचारदाता

*जनकपुर, चैत्र ५ गते ।*

मधेश प्रदेशको राजधानी जनकपुरधाममा रहेको ऐतिहासिक तथा धार्मिकस्थल गंगासागर पोखरी क्षेत्र अतिक्रमण मुक्त गर्न डोजर चलाइएको छ । मधेस प्रदेश सरकारको सक्रियतासँगै ऐतिहासिक तथा धार्मिक महत्वको गंगासागर पोखरी क्षेत्रमा अतिक्रमित क्षेत्रमा डोजर चलाइएको हो । गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको नेतृत्वमा जनकपुरधाम उपमहानगरपालिका र उद्योग वाणिज्य संघको सहकार्यमा सुरु गरिएको यो अभियानले लामो समयदेखि विवादित र कुरूप बनेको गंगासागर क्षेत्रलाई पुनः व्यवस्थित र सुन्दर बनाउने लक्ष्य लिएको छ ।

पटक-पटक सूचना जारी गर्दा पनि अटेर गरेपछि अन्ततः आईतवार डोजर प्रयोग गरी अतिक्रमण मुक्त गरिएको छ । धार्मिक दृष्टिले अत्यन्त महत्वपूर्ण मानिने गंगासागरमा स्नान गर्न आउने श्रद्धालुहरू त्यसपछि जानकीमन्दिर लगायतका मठ-मन्दिरमा पूजा गर्ने परम्परा रहेको छ । तर, अव्यवस्थित रूपमा बनाइएका घरटहरा र पसलहरूले क्षेत्रको सौन्दर्य र धार्मिक गरिमा दुबैमा असर पार्दै आएको थियो । अभियानमा जनकपुरधाम उप-महानगरपालिका, जनकपुरधाम उद्योग वाणिज्य संघ, प्रहरी प्रशासन तथा स्थानीय नागरिक समाजको सक्रिय सहभागिता रहेको थियो । अतिक्रमण बनाईएका संरचनाहरू भत्काईरहँदा केही बेर सामान्य तनावको स्थिति समेत सिर्जना भएको थियो ।




अभियानको नेतृत्व गरिरहेका गृहमन्त्री महतोले गंगासागरको संरक्षण केवल धार्मिक आस्था मात्र नभई जनकपुरको ऐतिहासिक पहिचान र पर्यटन प्रवर्द्धनसँग जोडिएको बताए । उनले सार्वजनिक सम्पत्तिको संरक्षणमा प्रदेश सरकार कठोर रूपमा प्रस्तुत हुने स्पष्ट पार्दै आवश्यक परे अन्य क्षेत्रका अतिक्रमणकारीलाई पनि नछाड्ने चेतावनी दिए ।

यता, गंगासागर पोखरीको जग्गामा पसलहरू बनाइए पनि सो जग्गा बापतको भाडा स्थानीय जनक युवा क्लबका केही व्यक्तिले अवैधानिक रूपमा दैनिक व्यापारीहरूसँग बट्टी असुल्दै आएका थिए ।

यसअघि पनि जानकीमन्दिर वरपर, राम मन्दिर क्षेत्र तथा विभिन्न सडक पेटीहरू अतिक्रमणमुक्त बनाइएपछि जनकपुरधामको स्वरूपमा सकारात्मक परिवर्तन देखिएको थियो । गंगासागर क्षेत्रको सफाइसँगै जनकपुरधामलाई अझ व्यवस्थित, सफा र आकर्षक धार्मिक गन्तव्य बनाउने लक्ष्य लिइएको छ ।



द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

# परीक्षामुक्त प्राथमिक तह, विकल्प क्यास

▪ विद्या राई



बालेन्द्र शाह (बालेन) नेतृत्वको मन्त्रिपरिषद्ले १३ चैतमा गरेको सय बुँदे शासकीय सुधारमा सरकारले आगामी शैक्षिक सत्रदेखि कक्षा ५ सम्मका विद्यार्थीको आन्तरिक परीक्षा नलिने निर्णय गरेको छ । सरकारको यो निर्णयसँगै वैकल्पिक विद्यार्थी मूल्यांकन प्रणालीबारे चर्चा सुरु भएको छ। यस निर्णयले प्राथमिक तहको लिखित परीक्षाले विद्यार्थीलाई मनोवैज्ञानिक असर र दबाब पर्ने भएकाले विद्यालय शिक्षकहरूलाई वैकल्पिक मूल्यांकन प्रणालीमा जान दबाब पर्ने भएको छ। वैकल्पक मूल्यांकन प्रणालीका रूपमा हाल तल्ला कक्षामा अभ्यास गरिएको निरन्तर मूल्यांकन प्रणाली (क्यास) एउटा विकल्प हुन सक्छ। तर, यो प्रणाली कार्यान्वयन सहज छैन ।

शिक्षाविद् मीनाक्षी दाहाल शिक्षकहरूमा विद्यार्थीको निरन्तर मूल्यांकन गरेर थप सिकाइमा सहयोग पुऱ्याउने अभ्यास नभएकाले निरन्तर मूल्यांकन प्रणाली (क्यास) कार्यान्वयन चुनौतीपूर्ण ठान्छिन् । "निरन्तर मूल्यांकन प्रणाली साँच्चिकै लागु गर्दा विद्यार्थीको सिकाइ स्तर पहिचान गर्न र सुधार्न सघाउँछ," उनी भन्छिन्, "साँच्चिकै लागु गर्न हाम्रा शिक्षकहरूलाई तयार गरिएको छ त ? तैपनि, यो प्रणाली नेपालका लागि नयाँ होइन ।"

शिक्षा मन्त्रालयमा योजना तथा अनुगमन महाशाखाका सहसचिव एवं प्रवक्ता शिवकुमार सापकोटाले भने सरकारको निर्णयअनुसार कक्षा ५ सम्मका विद्यार्थीको आन्तरिक परीक्षाको साटो वैकल्पिक मूल्यांकन प्रणालीबारे छलफल गरेर अघि बढ्न सकिने बताउँछन । "घोषणा भएको दुई दिन हुँदै छ, कार्यान्वयन गर्नेबारे छलफल गरेर आवश्यक पर्दा निर्णय गर्न सकिन्छ," उनी भन्छन् ।

विगतमा विद्यालयहरूमा निरन्तर मूल्यांकन प्रणालीका नाममा लिखित परीक्षा हटाउँदा प्राथमिक तहको सिकाइ झन् खस्केको थियो । लिखित परीक्षा हटाउने अनि कमजोर विद्यार्थीलाई विनामूल्यांकन माथिल्लो कक्षा चढाउने अभ्यासले प्राथमिक तहको जग थप कमजोर हुने जोखिम छ। काठमाडौंको कागेश्वरी मनोहरास्थित सिद्धिगणेश माध्यमिक विद्यालयका व्यवस्थापन समिति अध्यक्ष राजकुमार थापा भन्छन्, "यस निर्णयले सामुदायिक विद्यालयमा सिकाउन जाँगर नभएका, मन नभएका र इच्छाशक्ति नभएका शिक्षकलाई झनै अल्छी बनाउन सक्छ ।" उनका अनुसार वर्षमा एक पटक लिखित परीक्षा लिएर कापी जाँच्न बानी परेका शिक्षकलाई विद्यार्थीको निरन्तर मूल्यांकन गर्न झन् कठिन हुन्छ। सिद्धिगणेश विद्यालय २०७८ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई)मा ३.२४ जीपीए ल्याएर काठमाडौंका सामुदायिक विद्यालयमध्ये उत्कृष्ट घोषित भएको थियो ।

आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार देशभर शैक्षिक सत्र २०८१ मा समुदायिक र निजी दुवैतर्फ कक्षा १ देखि ५ सम्म पढ्ने विद्यार्थीको संख्या ३५ लाख १४ हजार ९२८ छ। यसैगरी, शिक्षकको संख्या एक लाख ५४ हजार २३५ जना छ । जसमा सामुदायिकतर्फ एक लाख १३ हजार ६०४ र निजीतर्फ ४० हजार ६३१ जना छन् । बालेन सरकारको कक्षा ५ सम्मलाई लिखित परीक्षामुक्त गर्ने निर्णयको सिधा असर यो संख्यामा पर्नेछ ।

हुन पनि सरकारले प्राथमिक तहका विद्यार्थीलाई परम्परागत शैलीको लिखित परीक्षाको दबाबबाट मुक्त गराउन वैकल्पिक मूल्यांकन प्रणालीका रूपमा २०५६ सालदेखि निरन्तर मूल्यांकन प्रणाली (क्यास) अघि सारेको थियो । निरन्तर मूल्यांकन प्रणालीमा कक्षाकार्य, परियोजना कार्य, सिर्जनात्मक कार्य, हाजिरी, व्यवहार परिवर्तन (सिकाइ उपलब्धि) जस्ता पद्धतिबाट विद्यार्थीको दैनिक मूल्यांकन गर्ने प्रावधान छ। नवौं पञ्चवर्षीय योजना (२०५४/५५-२०५८/५९) अन्तर्गत प्राथमिक तहको शैक्षिक स्तर सुधार्न यो मूल्यांकन प्रणालीको सुरुआत गरिएको थियो । यो पद्धति सुरुमा २०५६ सालमा इलाम, चितवन, स्याङ्जा, सुर्खेत र कञ्चनपुरमा लागु गरिएको थियो । २०५७ सालदेखि भने देशैभरि विस्तार गरिएको थियो। पाठ्यक्रम विकास केन्द्रका अनुसार उक्त मूल्यांकन प्रणाली विश्व बैंक, एडीबी, युनिसेफ, युरोपियन आयोग, डेनमार्क, नर्वे, जापान, फिनल्यान्डलगायत दातृनिकायको आर्थिक सहयोगमा सञ्चालित आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाअन्तर्गत लागु गरिएको हो। २०६६ देखि २०७२ सालसम्म सञ्चालित विद्यालय क्षेत्र सुधार योजनामा पनि यसलाई निरन्तरता

– बाँकी पृष्ठ ३ मा

## सम्पादकिय............

# क्षयरोग अन्त्य : लक्ष्य होइन, साझा जिम्मेवारी

नेपालले क्षयरोग (टिबी) अन्त्यका लागि सन् २०३५ सम्म महामारी नियन्त्रण र २०५० सम्म पूर्ण उन्मूलनको महत्वाकाँक्षी लक्ष्य तय गरेको छ । कागजमा आकर्षक देखिने यी लक्ष्यहरु यथार्थमा परिणत गर्न भने अहिलेको अवस्था हेर्दा निकै चुनौतीपूर्ण देखिन्छ । हरेक वर्ष करिब ६९ हजार नयाँ बिरामी थपिनु, १६ हजारको ज्यान जानु र अझै पनि ठूलो संख्यामा बिरामी उपचारको पहुँचबाहिर रहनु गम्भीर चिन्ताको विषय हो । सरकारले नि:शुल्क परीक्षण र उपचार सेवा देशभर विस्तार गरेको छ । ६ हजारभन्दा बढी स्वास्थ्य संस्थाबाट सेवा उपलब्ध हुनु सकारात्मक उपलब्धि हो । तर सेवा 'उपलब्ध' हुनु र नागरिकले 'प्रयोग गर्न सक्नु' बीचको दूरी अझै ठूलो छ । दुर्गम क्षेत्र, गरिबी र सामाजिक रुपमा पछाडि पारिएका समुदायहरुमा टिबी पहिचान र उपचार कमजोर हुनु यसैको प्रमाण हो ।

यस समस्याको जरो केवल स्वास्थ्य सेवाको अभावमा सीमित छैन । समाजमा अझै पनि टिबीलाई 'कलंक'का रुपमा हेर्ने प्रवृत्ति विद्यमान छ । रोग लुकाउने, ढिला उपचार गर्ने र जनचेतनाको कमीले संक्रमण नियन्त्रणमा ठूलो बाधा पुऱ्याएको छ । अझै धेरै बिरामी पत्ता नै नलाग्नु अर्को गम्भीर चुनौती हो । जबसम्म 'लुकेका बिरामी' समुदायमै रहन्छन्, तबसम्म रोग नियन्त्रणको प्रयार अधुरो रहन्छ । अबको बाटो स्पष्ट के छ भने 'खोज,उपचार र रोकथाम' । समुदायस्तरमै सक्रिय खोज अभियान सञ्चालन गर्नु, जोखिम समूहको नियमित स्क्रिनिङ गर्नु र घरदैलोमै स्वास्थ्य सेवा पुर्याउनु अत्यावश्यक छ । उपचार सुरु गरेका बिरामीले पूरा अवधि औषधि सेवन गरुन् भन्ने सुनिश्चितता झन् महत्वपूर्ण पक्ष हो ।

यस सन्दर्भमा प्रदेश र स्थानीय तहका सरकारको भूमिका निर्णायक बन्छ । स्वास्थ्य सेवा नागरिकको सबैभन्दा नजिकको तहबाट सञ्चालन हुने भएकाले स्थानीय सरकारकाले टिबी नियन्त्रणलाई प्राथमिकतामा राख्नुपर्छ । गाउँ-नगर स्तरमा जनचेतना अभियान सञ्चालन गर्ने, जोखममा रहेका समुदाय पहिचान गर्ने, स्वास्थ्यकर्मी परिचालन गर्ने र उपचारको निरन्तरता सुनिश्चित गर्ने जिम्मेवारी स्थानीय तहले प्रभावकारी रुपमा वहन गर्न सक्छन् । त्यसैगरी, शिक्षा, सञ्चार, सामाजिक विकास र निजी क्षेत्रबीच समन्वय अपरिहार्य छ । टिबी निको हुने रोग हो भन्ने सन्देश स्पष्ट रुपमा समाजमा फैलाउनुपर्छ । कलंक हटाउने, खुला रुपमा परीक्षण र उपचारमा जान प्रोत्साहन गर्ने वातावरण निर्माण गर्नु आजको आवश्यकता हो ।

क्षयरोग अन्त्य केवल सरकारको कार्यक्रम होइन, यो राष्ट्रिय दायित्व हो । पर्याप्त बजेट, दक्ष जनशक्ति, प्रभावकारी अनुगमन र सबै तहको प्रतिबद्धताबिना लक्ष्य हासिल हुन सक्दैन । अब नीतिगत घोषणा मात्र होइन, परिणाम देखिने कार्य आवश्यक छ । यदि हामीले हरेक बिरामीसम्म पुग्ने, हरेक संक्रमण रोक्ने र हरेक नागरिकलाई सचेत बनाउने अभियानलाई सामूहिक रुपमा अघि बढाउन सक्यौं भने मात्र २०३५ र २०५० का लक्ष्यहरु यथार्थमा बदलिन सक्छन् । अन्यथा, यी लक्ष्यहरु कागजमै सीमित रहने जोखिम उत्तिकै रहिरहनेछ ।

## राशिफल

मेष - बौद्धिक क्षेत्र फराकिलो बन्नेछ।
वृष - कर्मले गति लिनेछ।
मिथुन - अवसर प्राप्त हुनेछ।
कर्कट - जग बसाउने समय छ।
सिंह - नतिजा हातपार्न सकिनेछ।
कन्या - फाइदा लिन सकिनेछ।
तुला - काममा सफलता प्राप्त हुनेछ।
वृश्चिक - व्यवसायमा बाधा पुग्नेछ।
धनु - राम्री अध्ययन गर्नुहोला।
मकर - बुद्धि खर्चनुपर्ने देखिन्छ।
कुम्भ - उपलब्धि प्राप्त हुनेछ।
मिन - हतार नगर्नुहोला।

गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल

गाडी भाडामा लिने सम्बन्धी सुचना

*सुचना प्रकाशित मिति २०८२/१२/१६*

प्रस्तुत विषयमा यस नगर कार्यपालिकाको कार्यालयको लागि आ.व.२०८२/०८३ को बाँकी अवधिको लागि नेपाली नम्वर प्लेट भएको ट्रेक्टर संगै टेलर र सवारी चालक सहित २ (दुई) थान यस कार्यालयको कार्यालय प्रयोजनको लागि भाडामा लिनुपर्ने भएकोले इच्छुक सवारी धनीले आवश्यक कागजात सहित खामबन्दी गरी यो सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा गाडीको ब्लु बुक र विमाको (फुल बिमा) कागजात, नेपाली नागरिकत्ताको प्रमाण पत्र तथा स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपी सहित तपशिल अनुसारको शर्त बमोजिम आफुले दिन चाहेको गाडीको मासिक भाडाको दररेट सहित पेश गर्नुहुन सम्बधित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल


१. ट्रेक्टरको चा.आ.व.२०८२/०८३ सम्म नवीकरण भएको हुनु पर्ने छ
२. गाडीको दररेट पेश गर्दा कार्यालयबाट कट्टा हुने १०% वहाल कर समेत सोही रकममा समावेश गरि पेश गर्नु पर्नेछ ।
३. गाडीको ब्लु बुक नविकरण तथा विमा लगायतका कागजात २०८३ को असार मसान्त सम्म म्याद भएको कम्मतिमा हुनुपर्नेछ ।
४. गाडी प्रयोग गर्दा लाग्ने इन्धन र मासिक भाडा मात्र कार्यालयले व्यहोर्ने छ ।
५. सवारी धनीले गाडी सहित सवारी चालक लाइसेन्स( लाइसेन्सको म्याद २०८३ असार मसान्त सम्म कम्तिमाहुनु पर्ने) प्राप्त ड्राइभर समेत उपलब्ध गराउनु पर्नेछ ।
६. सम्भावित दैवी प्रकोपबाट हुने क्षतिको सम्बन्धमा स्वयम गाडी धनी जवाफदेही हुनुपर्ने छ ।
७. गाडी मर्मत गर्नु पर्ने भएमा सट्टमा अर्को गाडी उपलब्ध गराउनु पर्ने छ ।
८. गाडी बिग्रिएमा मर्मत लगायत सवारी धनिले आफै गराउनु पर्नेछ । ।
९. यस गाडीको सम्झौता म्याद सम्झौता भएको मिति देखि मिति २०८३/०३/३२ गते सम्म हुनेछ ।
१०. अन्य कुराहरको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

*प्रमुख प्रशासकीय अधिकृत*

# ‘बेटिङ एप’ र ‘वेबसाइट’ बन्द

राष्ट्रिय समाचार समिति

*काठमाडौं, चैत्र १५ गते ।*




सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले ‘अनलाइन’ सट्टेबाजी एप (बेटिङ एप) र त्यससम्बन्धी ‘वेबसाइट’ बन्द गराएको छ ।

मन्त्रालयले बेटिङ एप र वेबसाइट २४ घण्टाभित्र बन्द गर्न नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणलाई पत्राचार गरेपछि प्राधिकरणले इन्टरनेट सेवाप्रदायकसँगको समन्वयमा हाल पहिचान भएका सबै सट्टेबाजी एप र वेबसाइट बन्द गरिएको हो ।

सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले आईतवार मन्त्रालयका सचिवसहित महाशाखा प्रमुखहरुसँगको बैठकमा बेटिङ एप र त्यससम्बन्धी वेबसाइट बन्द गर्न निर्देशन दिएलगत्तै प्राधिकरणले बेटिङ बन्द गर्ने प्रक्रिया सुरु गरेको थियो । मन्त्रीको निर्देशनलगत्तै मन्त्रालयले बेटिङ बन्द गर्न दूरसञ्चार प्राधिकरणलाई पत्राचार गरेपछि इन्टरनेट सेवाप्रदायकसँगको समन्वयमा बेटिङ एप र वेबसाइट बन्द गरिएको हो ।

मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकले अवैध रूपमा सञ्चालित अनलाइन बेटिङ बन्द गर्ने निर्णय गरेको थियो । त्यसलगत्तै सञ्चारमन्त्री डा. तिमिल्सिनाले मन्त्रालय र सम्बद्ध निकायसँग छलफल गरी तत्कालै ‘एक्सन’ लिएको थियो ।

मन्त्रिपरिषद्बाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये बुँदा नं. ४२ मा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सट्टेबाजी एप र वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने उल्लेख छ । सोही बमोजिम मन्त्रालयले आजको मन्त्रिस्तरको निर्णयअनुसार प्राधिकरणलाई इन्टरनेटसेवा प्रदायकसँगको समन्वयमा कुनै पनि विद्युतीय माध्यमबाट हुने सट्टेबाजीलगायतका एप तथा वेबसाइट तत्काल बन्द गर्न निर्देशन दिएको थियो । सोही निर्देशनबमोजिम सबै सट्टेबाजी एप र साइट बन्द गरिएको मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

कानुनी व्यवस्थाका विपरीत हुनेगरी नेपालभर सट्टेबाजी एप र त्यससम्बन्धी वेबसाइट संचालन तथा प्रयोग नगर्न/नगराउन मन्त्रालयले अनुरोध गरेको छ । साथै, कसैले अनधिकृत रुपमा सट्टेबासी एप र वेबसाइट प्रयोग गरेमा वा संचालन गरेमा प्रचलित कानुनबमोजिम साधिकार निकायबाट कडा कारबाही हुने स्पष्ट पारेको छ ।

यस सम्बन्धमा मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को उपदफा (४) बमोजिम कसैले सट्टाबाजी गर्नु वा गराउनु हुँदैन भन्ने प्रावधान रहेको र सो उलङ्घन गरेमा सोही दफाको उपदफा (६) बमोजिम कसुरमा प्रयोग भएको बिगो जफत गरी कसुर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र रु १० हजारसम्म जरिवाना हुने व्यवस्था रहेको छ ।

त्यसैगरी, विज्ञापन (नियमन गर्ने) ऐन, २०६६ को दफा ५ को उपदफा १ को (ख) मा समेत जुवा खेल्न खेलाउन वा प्रचलित कानुनबमोजिम अनुमति नलिएको चिट्ठा किन्न तथा किनाउन प्रोत्साहन गर्ने विषयमा विज्ञापन गर्न नहुने व्यवस्था रहेको र सो विपरीत कसैले कसुर गरेमा कसुर गर्ने र गराउनेलाई त्यसबापत प्रचलित कानुनले कुनै सजाय हुने रहेछ भने सो बमोजिम सजाय गर्ने र सो नभएमा एक वर्षसम्म कैद र १० हजार जरिमाना हुने व्यवस्था रहेको छ ।

उल्लिखित कानुनी व्यवस्था विपरीत सट्टेबाजी एप र वेबसाइट संचालन वा प्रयोग गरेको थाहा पाएमा प्राधिकरणको सम्पर्क व्यक्तिलाई फोन नं. वा इमेलमामार्फत जानकारी गराई दिन अनुरोध गरिएको छ ।

# कार्य योजना तत्काल कार्यान्वयन गर्न मन्त्री साहको निर्देशन

राष्ट्रिय समाचार समिति

*काठमाडौं, चैत्र १५ गते ।*

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दिपककुमार साहले मन्त्रिपरिषद्को बैठकले स्वीकृत गरेका श्रम तथा रोजगारको क्षेत्रलाई व्यवस्थित, मर्यादित एवंम सुरक्षित बनाउन तत्काल कार्ययोजना बनाई कायान्वयन गर्न निर्देशन दिएको छ । आईतवार मन्त्रिपरिषद्को चैत १३ गते बसेको बैठकले स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमाथि छलफल गरी मन्त्री साहले श्रमसँग सम्बन्धित विषय कार्ययोजना तयार गर्न निर्देशन दिएको हो । श्रम स्वीकृतिमा रहेको ‘टोकन’ प्रणालीको अन्त्य गरी आवेदन दिएको दिनमै श्रम स्वीकृति प्रदान हुने व्यवस्था गर्न निर्देशन भएअनुसार मन्त्रालयले आजैदेखि कार्य सुरु गरेको छ ।

त्यस्तै, पूर्व प्रस्थान अभिमुखीकरण तालिम पाठ्यक्रममा आधारित श्रव्य दृश्य सामग्री निर्माण गरी ‘डिजिटल’ माध्यममा उपलब्ध हुने व्यवस्था गर्न, पूर्व प्रस्थान अभिमुखीकरण तालिम (प्रि डिपार्चर ओरेन्टेसन ट्रेनिङ, पिडिओटी)लाई पूर्ण रुपमा अनलाइन प्रणालीमा आधारित बनाउन, योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सबै श्रमिकलाई आबद्ध गर्न अभियान सञ्चालन गर्न तथा श्रमिकको न्यूनतम ज्यालाको पूर्ण कार्यान्वयन गर्न मन्त्री साहले निर्देशन दिएको हो ।

# एक दर्जन हाराहारी सार्वजनिक...

यी आयोजना सम्पन्न भएपछि स्वतः खारेज गर्नुपर्ने उल्लेख छ । यस्तै, राष्ट्रिय दुग्ध विकास बोर्डको काम पशु सेवा विभागबाट सञ्चालन गर्न सकिने र जिल्ला निर्वाचन कार्यालयहरू खारेज गरी जिम्मेवारी जिल्ला प्रशासन कार्यालयलाई हस्तान्तरण गर्ने तथा प्रदेशस्तरमा निर्वाचन कार्यालय स्थापना गर्ने प्रस्ताव गरिएको छ ।

मार्गचित्रले प्रशासनिक प्रक्रिया सरलीकरणका लागि केही अनुमति प्रणालीसमेत खारेज गर्न सिफारिस गरेको छ । यसमा श्रम स्वीकृति प्रणाली र वैदेशिक अध्ययनका लागि आवश्यक ‘नो अब्जेक्सन लेटर’ (एनओसी) हटाउने प्रस्ताव समावेश छ, जसले सेवाग्राहीलाई सहजता प्रदान गर्ने अपेक्षा गरिएको छ ।

यस्तै, सङ्घीय संरचना सुदृढीकरणका लागि केही निकाय प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्न सुझाव दिइएको छ । राष्ट्रिय चुरे संरक्षण समितिलाई पुनःसंरचना गरी प्रदेशमा हस्तान्तरण गर्ने, वनस्पति अनुसन्धान केन्द्रहरू, पशुपन्छी रोग अन्वेषण परियोजना, विभिन्न सिँचाइ आयोजना तथा ‘जनताको तटबन्ध कार्यक्रम’ सम्बन्धित प्रदेशलाई जिम्मा दिने प्रस्ताव गरिएको छ । साथै, विभिन्न पर्यटन संरक्षण तथा विकास समितिहरूलाई पनि प्रदेश वा स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने औंल्याइएको छ ।

सुशासन मार्गचित्रमा निश्चित उद्देश्य, लागत र समयसीमा तोकी स्थापना गरिएका समिति तथा आयोजनाहरू उद्देश्य पूरा भएपछि स्वतः खारेज गर्ने नीतिलाई कडाइका साथ कार्यान्वयन गर्नुपर्नेमा जोड दिइएको छ ।

# परीक्षामुक्त प्राथमिक तह, विकल्प...

दिइएको थियो ।


यसैगरी, ‘प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२’ मा कक्षा १ देखि ३ सम्म निरन्तर विद्यार्थी मूल्यांकन पद्धति नै लागु गर्ने व्यवस्था छ । प्राथमिक शिक्षा पाठ्यक्रम, २०६५ मा पनि कक्षा ४ र ५ का विद्यार्थीको मिश्रित मूल्यांकन प्रणाली लागु गर्ने भनिएको छ । जसअनुसार ५० प्रतिशत निर्णयात्मक (वार्षिक परीक्षा) र ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्यांकन (निर्माणात्मक अर्थात् सिकाइका लागि मूल्यांकन) पद्धतिबाट लेखाजोखा गर्ने भनिएको छ । तर, पाठ्यक्रमको फितलो कार्यान्वयन, कमजोर शिक्षण सिकाइ र फितलो अनुमगन तथा सुपरिवेक्षणले निरन्तर मूल्यांकन प्रणालीको कार्यान्वयनमा अपेक्षित सफलता प्राप्त हुन सकेको छैन । यो तथ्य माघ २०७८ मा प्रकाशित ‘विद्यालय तहमा निरन्तर मूल्यांकन पद्धति’ शीर्षकको अध्ययनले पनि देखाएको छ ।

निरन्तर मूल्यांकन प्रणालीले विद्यार्थीलाई मानसिक बोझको भार नपर्ने भनिए पनि कार्यान्वयन चुनौतीरहित नरहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको शैक्षिक गुणस्तर परीक्षण केन्द्रका एक अधिकारी बताउँछन् । “निरन्तर मूल्यांकन प्रणाली राम्रो हो,” उनी भन्छन्, “लागु गर्न चुनौती छ, सरकारले २०५६ सालदेखि प्रयत्न गरेर पनि लागु गर्न नसकेको अवस्था छ ।” पुरानै सिकाइ अभ्यासमा अभ्यस्त शिक्षकहरूले निरन्तर मूल्यांकन प्रणालीबमोजिम विद्यार्थीको दैनिक मूल्यांकन गर्न झन्झटिलो मान्ने गरेका छन् ।


वर्षमा एक वा दुई पटक लिखित परीक्षा गराएर मूल्यांकन गर्न सहज र सरल ठान्ने गरेका शिक्षकलाई निरन्तर मूल्यांकन प्रणाली झमेला लाग्न सक्छ । कतिपय अभिभावकले पनि लिखित परीक्षामार्फत छोराछोरीको मूल्यांकन हुनुपर्ने दबाब दिने गरेका कारण निरन्तर मूल्यांकन प्रणाली लागु गर्न कठिन हुन सक्छ ।

## मालपोत कार्यालय बर्दिवासबाट प्रकाशित श्रेस्ता कायम सम्बन्धी हकदावीको ३५ दिने सार्वजनिक सूचना

जिल्ला महोत्तरी हाल भंगहा नगरपालिका वडा नं. ९ बस्ने गर्भु चौधरीको छोरा गुदर चौधरी थारुले मेरो नाममा दर्ता कायम रहेको जिल्ला महोत्तरी गा.वि.स. भंगहा वडा नं. ६ग कि.नं. ५९ क्षे.फ.०-४-५-० जग्गाको ज.ध. दर्ता प्रमाण-पुर्जा हराई सकेको र श्रेस्ता समेत जिर्ण भई च्यातिई गएको हुँदा उल्लेखित कि.नं.को जग्गाको श्रेस्ता कायम गरी पाउँ भनी द.नं. ३९१३ मिति २०८२/१२/०६ मा निवेदन माग दावी गरेकोले माग बमोजिम निवेदक गुदर चौधरी थारुको नाममा उल्लेखित जग्गाको श्रेस्ता कायम गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी हानी नोक्सानी हुने भए ठोस सबुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद वाहेक ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ ।




सम्सी गाउँपालिका
सम्सी, महोत्तरी


खर्गा दाँत उपचार केन्द्र
अब काठमाडौँ जानु नपर्ने
डा.गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS (Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)
➢ हामी कहाँ नै किन ? आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थाई/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल (Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुख भित्र घाँउ, खटिरा आउने गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट (RCT) भर्ने, दाँतको X-ray गरिने ।
यहाँ, सबै खाले दाँतको उपचार गरिन्छ ।
डाक्टर भेटने समय: प्रत्येक दिन विहान ९ बजेदेखि साँझ ५ बजेसम्म ।
खर्गा दाँत उपचार केन्द्र
सिन्धुलीरोड, लुम्बिनि हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा, बर्दिवास, महोत्तरी, ☎ ९८४४३१२२४६

# पूर्वमन्त्री खड्कालाई हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति

राष्ट्रिय समाचार समिति

*काठमाडौं, चैत्र १५ गते ।*

जिल्ला अदालत काठमाडौंले नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री दीपक खड्कालाई सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ ।

आईतवार बिहान पक्राउ परेका नेता खड्कालाई म्याद थपका लागि अदालत उपस्थित गराइएको थियो । अदालतका सूचना अधिकारी दीपककुमार श्रेष्ठका अनुसार अदालतले सम्पत्ति शुद्धीकरण 'मनि लाउण्डरिङ' निवारण ऐन, २०६४ को दफा १७ (४) बमोजिम आजदेखि लागू हुने गरी ७ (सात) दिनको म्याद थपको अनुमति प्रदान गरेको हो ।

सम्पत्ति शुद्धीकरण कसुरको जाँचबुझ अनुसन्धानका सिलसिलामा पक्राउ परेका खड्काको आईतवार बयान कार्य सुरु भए पनि निजविरुद्ध प्रमाणहरू बुझ्ने तथा बयान गराउनेलगायत अनुसन्धानसम्बन्धी कार्य बाँकी नै रहेकाले सो प्रयोजनको लागि प्रतिवादीलाई हिरासतमा राख्न अनुमति दिएको हो ।

आदेशमा भनिएको छ,



"सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अनुमति माग गरेको र अनुमति माग गरेको बेहोरा मनासिव देखिँदा निज प्रतिवादी दीपक खड्कालाई हिरासतमा राखी उपयुक्त लेखिएबमोजिमका कार्यहरू सम्पन्न गर्न प्रयोजनका लागि सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा १७ (४) बमोजिम मिति २०८२।१२।१५ गतेदेखि लागू हुने गरी ७ (सात) दिनको म्याद थपको अनुमती प्रदान गरिदिएको छ ।"

नेता खड्काको घरमा जलेको अवस्थामा भेटिएको रकमको विषयमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अनुसन्धान गरिरहेको छ । विभागले खड्काको घरबाट जलेका नोटका केही टुक्रा र वरपरबाट खरानी सङ्कलनसमेत गरेको थियो ।

# एसइईमा मोबाइल फेला परे जफत गरिने

राष्ट्रिय समाचार समिति


*महेन्द्रनगर, चैत्र १५ गते ।*

मधेस प्रदेश सरकारका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीले एसइई परीक्षा विद्यार्थीको भविष्यसँग प्रत्यक्ष जोडिएको संवेदनशील विषय भएकाले यसको सञ्चालनमा कुनै किसिमको लापरवाही हुन नहुने बताएकी छन् ।

शिक्षा तथा संस्कृति मन्त्रालय मधेस प्रदेशको आयोजनामा आज जनकपुरधाममा विद्यालय शिक्षा परीक्षा एसइई-२०८२ लाई व्यवस्थित, मर्यादित र निष्पक्ष रूपमा सञ्चालन गर्ने उद्देश्यले आयोजित प्रदेशस्तरीय समन्वय बैठकमा मन्त्री तिवारीले परीक्षा शान्त, व्यवस्थित र मर्यादित वातावरणमा सम्पन्न गराउन सबै सम्बन्धित निकायलाई जिम्मेवार र सक्रिय भूमिका निर्वाह गर्न निर्देशन दिइन् ।

मन्त्री तिवारीले परीक्षालाई थप कडाइका साथ सञ्चालन गरिने स्पष्ट पार्दै परीक्षा केन्द्रमा मोबाइल फोन लैजान पूर्ण रूपमा निषेध गरिएको बताइन् । यदि कुनै परीक्षार्थीले मोबाइल साथमा ल्याएको पाइएमा सो मोबाइल जफत गरी नष्ट गरिने उनले बताइन् । उनले विद्यार्थी तथा अभिभावकलाई कुनै पनि प्रकारको लापरबाही नगर्न आग्रह गर्दै नियमको पूर्ण पालना गर्न अपिल गरिन् ।

मन्त्री तिवारीले परीक्षा केन्द्रहरूको सुरक्षा व्यवस्थापन, प्रश्नपत्रको गोपनीयता, नक्कल नियन्त्रण तथा अनुगमनलाई प्रभावकारी बनाउन विशेष जोड दिँदै सम्बन्धित जिल्ला प्रशासन, सुरक्षा निकाय



र शिक्षा निकायबीच समन्वय मजबुत बनाउन आग्रह गरिन् । बैठकमा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेल, मधेस प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब महानिरीक्षक गोविन्द थपलिया, शिक्षा तथा संस्कृति मन्त्रालयका निमित्त प्रदेश सचिव दिलीपकुमार ठाकुर, जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बराल, शिक्षा विकास निर्देशनालय मधेस प्रदेशका निमित्त निर्देशक महेन्द्र महतोलगायतले आ-आफ्नो धारणा राखे ।

त्यसैगरी, राष्ट्रिय परीक्षा बोर्ड जनकपुरका प्रमुख दयाराम राई, शिक्षा विकास समन्वय इकाइ धनुषाका प्रमुख चेतकुमार पोखरेल, सप्तरीका प्रमुख शशिकुमार यादव, सिरहाका प्रमुख दीपकराज कलौनी तथा अन्य सम्बन्धित अधिकारीहरू

*- बाँकी पृष्ठ ३ मा*

# एक दर्जन हाराहारी सार्वजनिक निकाय खारेज र केही पुनःसंरचना सिफारिस

राष्ट्रिय समाचार समिति

*काठमाडौं, चैत्र १५ गते ।*

सरकारले सार्वजनिक गरेको 'सुशासन मार्गचित्र, २०८२' ले प्रशासन सुधारका लागि ठूला संरचनागत परिवर्तन प्रस्ताव गर्दै एक दर्जन हाराहारी सार्वजनिक निकाय खारेज, केही




गाभ्ने तथा केही प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने सिफारिस गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आइतवार सार्वजनिक गरेको उक्त मार्गचित्रले दोहोरो काम गर्ने, निष्क्रिय वा कम प्रभावकारी निकायहरूलाई पुनःसंरचना गरेर शासन प्रणालीलाई चुस्त, प्रभावकारी र उत्तरदायी बनाउन आवश्यक रहेको उल्लेख गरेको छ ।

मार्गचित्रमा समान प्रकृतिका कार्य गर्ने संस्थाहरूलाई एकीकृत गर्दै स्रोत, साधन र जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाउने उल्लेख छ । यसअन्तर्गत नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानलाई नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानसँग गाभ्ने, मुद्रण विभाग, कानुन किताब व्यवस्था समिति र सुरक्षण मुद्रण विकास समितिलाई सुरक्षण मुद्रण केन्द्रमा समाहित गर्ने प्रस्ताव गरिएको छ ।

यस्तै, नेपाल इन्टरमोडल यातायात विकास समितिलाई नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडसँग गाभेर थप सुदृढ संरचना निर्माण गर्ने र आवश्यक परे प्राधिकरणमा रूपान्तरण गर्ने सम्भावना औंल्याइएको छ ।

यसैगरी, न्याय सेवा तालिम केन्द्रलाई न्यायिक प्रतिष्ठानमा गाभ्ने, केन्द्रीय कानुन पुस्तकालय विकास समितिलाई राष्ट्रिय पुस्तकालयमा समाहित गर्ने र विभिन्न स्वरोजगारसम्बन्धी कोषहरूलाई एकीकृत गरी 'राष्ट्रिय उद्यमशीलता तथा स्वरोजगार कोष' स्थापना गर्ने योजना अघि सारिएको छ । तराई-मधेस समृद्धि कार्यक्रमलाई सङ्घीयस्तरबाट सञ्चालन गर्नुको सट्टा सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्न उपयुक्त हुने मार्गचित्रले औंल्याएको छ ।

मार्गचित्रले केही सार्वजनिक निकायहरू खारेज गर्न सिफारिस गरेको छ । बौद्धदर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिको कार्य लुम्बिनी विश्वविद्यालय र पुरातत्व विभागबाट सञ्चालन गर्न सकिने भन्दै खारेज प्रस्ताव गरिएको छ ।

यस्तै, स्थापना भएको लामो समयसम्म पनि कार्यसम्पादन नभएको न्यूनतम पारिश्रमिक निर्धारण समिति, नेपाल रेल्वे बोर्ड, सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण, जग्गा विकास चक्र कोष, नगर विकास समितिहरू लगायत निकाय खारेज सूचीमा परेका छन् ।

यस्तै, केही मेडिकल कलेज पूर्वाधार तथा विकास आयोजनाहरू पनि खारेजी सूचीमा परेका छन् । मेडिकल कलेज पूर्वाधार विकास आयोजना बर्दिवास, बुटवल र सुर्खेत खारेज गर्नुपर्ने सूचीमा छन् ।

*- बाँकी पृष्ठ ३ मा*

**पानीको स्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं ।**

- खानेपानीको स्रोतको संरक्षण गरौं,
- पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी संकलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री